# त्रिवेणी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तोली बाजुरा

## त्रिवेणी नगरपालिकाका उपप्रमुख श्री कमला कुमारी जैशी (न्यौपाने) ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को वजेट बक्तव्य

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**

**आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम सम्मानीत नगरसभा अधिवेशनमा पेश गर्दछु।**

१. नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ को उपधारा ४ मा भएको व्यवस्था वमोजिम नगरसभाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आगामि आर्थिक बर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा आफूलाई गौरवान्वित महसुस गरेकी छु। आर्थिक तथा समावेशी विकास र सुशासन मार्फत नागरिकका चाहनालाई क्रमिक रुपमा समाधान गर्ने प्रतिवद्धता सहित तयार गरिएको बार्षिक वजेट तथा कार्यक्रम यस सम्मानीत सभामा पेश गर्ने अनुमती चाहन्छु।

२. सर्वप्रथम, लोकतान्त्रिक व्यवस्था स्थापनाका लागी अमूल्य जीवन अर्पण गर्ने महान सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु। जनआन्दोलनका घाइते, अपाङ्ग र बेपत्ता नागरिकहरु प्रति श्रदा एवं उच्च सम्मान प्रकट गर्दै देशमा भ्रष्टाचारको अन्त्य गरी विधिको शासन स्थापनार्थ २०८२ भाद्र २३ र २४ गते देश व्यापी रुपमा भएको **Gen-Z** आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने सवै सहिदहरुप्रति हार्दिक श्रदासुमन व्यक्त गर्दछु। साथै, यस त्रिवेणी नगरपालिका वडा नं ८ का वडा सदस्य एवं नगरसभा सदस्य स्वर्गीय श्री टेक वहादुर थापाज्यू, को यही मिति २०८२ चैत्र १७ गतेका दिन असामहिक निधन भएकोमा, उहाँको निधनले त्रिवेणी नगरपालिका परिवारमा अपूरणीय क्षति पुगेको छ। नगरसभा सदस्य स्वर्गीय श्री टेक वहादुर थापा ज्यूप्रति भावपूर्ण

श्रद्धाञ्जली ब्यक्त गर्दछु। त्यसैगरी नगर खेलकुद विकास समितिका संयोजक स्व. खडक वहादुर अयडीको राष्ट्रपति रनिङशिल्ड प्रतियोगीताको कामको शिलशिलामा मिति २०८३ बैशाख ४ गतेका दिन मोटरसाईकल दुर्घटनामा परी उपचारको क्रममा बैशाख ७ गते असामहिक निधन भएकोप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

**३. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न दस्तावेजहरुलाई मुख्य आधारको रुपमा लिएकी छुः**

- नेपालको संविधान, २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू,
- स्थानीय तहको बजेट तर्जुमा तथा कार्यक्रम समितिको सिफारिस,
- आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू,
- नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू,
- राजश्व परामर्श समितिको सिफारिस
- संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरू र
- विभिन्न राजनीतिदलका प्रतिनिधिहरु, जनप्रतिनिधि र विभिन्न समुदायहरुबाट प्राप्त सुझाबहरुलाई आधारको रुपमा लिएकी छु।

४. प्रस्तुत बजेट, यस नगरसभाको कार्यकालको पाँचौं पटक प्रस्तुत गर्दैछु। यो बजेट मार्फत नगरको समावेशी विकासमा सबै टोल बस्तिहरुभित्रका महिला, दलित, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्तिहरु, पछाडी पारिएको बर्ग लगायत सबै वर्ग र समुदायहरूको सुझावलाई समेटने प्रयास गरेकी छु। साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

५. अति न्यूनस्तरमा रहेको आन्तरिक श्रोत र पछिल्ला प्रत्येक आर्थिक बर्षहरुवाट संकुचनमा पर्दै आएको वित्तिय समानीकरणरण र राजश्वको अवस्थाले हाम्रा असिमित आवश्यकताका विचवाट सरकारको सिमित श्रोत र साधनले पुरा गर्न नसक्ने तर नगरवासीका अति आवश्यकीय आधारभूत योजनाहरुलाई सम्वोधन गर्नुपर्ने सरकारको प्रमुख दायित्व समेत हुने भएकोले बजेटको प्रक्षेपणलाई बास्तविकतामा आधारित भएर प्रस्तुत गरेकी छु।

६. **बजेटका मुख्य प्राथमिकताहरु देहाय अनुसार रहेका छनः**

- दिगो भौतिक तथा सामाजिक पूर्वाधार विकास,
- आधारभूत स्वास्थ्य र शिक्षाको अधिकारको सुनिश्चितता,
- नगरवासीको जिवनस्तरमा प्रत्यक्ष योगदान,
- स्थानीय सहभागिता,
- स्वयंसेवक एवं जनसहभागिता,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग,
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि,
- वातावरण संरक्षण तथा सम्बर्द्धनमा सहयोग,
- धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धन,
- उद्यमशीलता विकास र रोजगारी श्रृजना।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

**अव म त्रिवेणी नगरपालिकाको आर्थिक अवस्था र चालू आर्थिक बर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहन्छु।**

७. चालू आर्थिक बर्ष २०८२/०८३ को कूल आय अनुमान ४९ करोड ५६ लाख ७९ हजार १ सय ४५ रुपैयाँ ८९ पैसा भएकोमा, चालू आ.ब. को कूल आय अनुमान मध्ये **चालू तर्फ रु** ४० करोड ४८ लाख ८४ हजार १ सय ४५ रुपैयाँ ८९ पैसा। पूँजीगत तर्फ ९ करोड ७ लाख ९५ हजार रहेको छ।

८. हालसम्मको श्रोतगत तथ्यांक अनुसार, ४१ करोड ४९ लाख ८९ हजार ६ सय ३५ रुपैयाँ ११ पैसा आम्दानी रहेको छ।

९. हालसम्मको आम्दानीलाई हेर्दा
संघिय सरकारवाट राजश्व बाँडफाँड शिर्षकमा रु ८ करोड ७ लाख ९६ हजार ६ सय ४३ रुपैयाँ ७६ पैसा। समानिकरण अनुदान बाफत रु ९ करोड ६५ लाख ७१ हजार २ सय। र संघिय समपुरक अनुदान रु ५६ लाख ५२ हजार ७ सय ५२ रुपैयाँ भएको देखीन्छ भने प्रदेश सरकारवाट राजश्व बाँडफाँड ५३ लाख ६१ हजार, ६ सय ३७ रुपैयाँ।प्रदेश समानीकरण अनुदान बापत ४९ लाख ८६ हजार। प्रदेश समपुरक अनुदान बापत २९ लाख, १९ हजार, ९ सय १५ रुपैयाँ।नेपाल सरकार सशर्त अनुदान चालू तर्फ १७ करोड ५१ लाख। नेपाल सरकार सशर्त अनुदान चालू नगद ऋण आम्दानी रु ७ हजार पाँच सय।संघिय सरकार बैदेशीक श्रोत SESP को आम्दानी ५१ लाख।संघिय सरकार बैदेशिक श्रोत SESP सोध भर्ना हुने ऋणको आम्दानी १ करोड २ लाख ७५ हजार।संघिय सरकार बैदेशीक श्रोत यूरोपीयन यूनियनको आम्दानी ८ लाख। संघीय सरकार सशर्त अनुदान पूँजीगत आम्दानी ४१ लाख ५० हजार। र अल्या (आ.ब. २०८१/०८२) को रु १ करोड ५९ लाख ६८ हजार ४ सय ८६ रुपैयाँ ८९ पैसा रहेको छ।
आन्तरिक स्रोततर्फ ५५ लाख परिचालन हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्ममा १७ लाख ९७ हजार ५ सय ९६ रुपैयाँ ५० पैसा असुली भई आ.ब. २०८२/०८३ को असार मसान्त सम्ममा रु २१ लाख २४ हजार ४ सय ३२ रुपैयाँ हुने अनुमान गरिएको छ।

## आ.ब. २०८२/०८३ को हालसम्मको खर्च

- चालूखर्च २४ करोड ३६ लाख २ हजार १५ रुपैयाँ १० पैसा।
- पूँजीगत खर्च १ करोड ४९ लाख ७७ हजार २४ रुपैयाँ ८३ पैसा। रहेको छ।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

अव म बजेट प्रणालीमा देखापरेका सुधारात्मक पक्ष सहित केही प्रमुख चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- यसै चालू आ.ब. २०८२/०८३ देखी नगरपालिकाको राजश्व शाखाको सेवा प्रवाह तथा दैनिक कामहरु अनलाईन प्रणालीमार्फत संचालनमा ल्याई आन्तरिक राजश्व असुली सम्बन्धी कार्यमा अपेक्षित रुपमा बृद्धि गर्न सफल भएका छौं तथापी राजश्व असुली लक्ष्य अनुसार हुन सकेको छैन। आगामि दिनमा राजश्वको दायरा विस्तार गर्दै राजश्व असुलीलाई समेत थप प्रभावकारी वनाई आन्तरिक श्रोत वृद्धि गरिनेछ।
- संघिय तथा प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ अनुसारको, निकासामा समेत कटौती हुदै आईरहेको अवस्थामा आयअनुमान गरिएको बजेट तथा कार्यक्रम अनुसार कार्यान्वयन चरणमा गईसकेका योजनाहरुको भूक्तानी नहुँदा दायित्व सृजना हुन गएकोले नयाँ योजना तथा कार्यक्रमहरु सम्बोधन गरी जनआकांक्षा पुरा गर्न नसकिएको अवस्था छ।

**उक्त बजेट प्रणालीका चुनौतीहरुलाई मध्यनजर गरी निम्न उद्देश्यलाई सम्बोधन हुने गरी उद्देश्य तय गरिएको छः**

- नगरभित्रको स्थानीय यातायात पूर्वाधारहरुको स्तरोन्नतिका आयोजनाहरुको गुणस्तरलाई ध्यान दिई समयमै सम्पन्न गर्नु।
- आन्तरिक उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्यान्नमा आत्म निर्भर हुनु।
- विद्यालय जाने उमेर समुहका सवै वालवालिकाको विद्यालय भर्नाको सुनिश्चित गरी पठनपाठनलाई गुणस्तरिय र व्यवहारिक वनाउनु।
- स्वास्थ्य संस्थाहरुमा तालिम प्राप्त दक्ष जनशक्ति परिचालन र सूचना प्रविधिको प्रयोग मार्फत आधारभूत स्वास्थ्य सेवा सहज र सरल तवरबाट उपलब्ध गराउनु।
- रोजगार, सिप तथा उद्यमशिलता कार्यक्रम मार्फत युवा उद्यमीलाई प्रोत्साहन तथा स्थानीय साना उद्योगहरुको संचालनका लागी प्रविधिमा लगानी बृद्धि गर्नु।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभा सदस्यज्यूहरु,**
**अव म वजेटले लिएका उद्देश्य पुरागर्नका लागी केही सुधारका प्रस्तावहरु राख्न चाहन्छु।**

- टोल तथा बस्ति स्तरवाट प्राथमीकरण भई आएका योजनाहरुलाई योजना बैकमा सुचिकृत गरी कार्यान्वयन गरिदै लगिने व्यवस्था मिलाईनेछ।
- संघ र प्रदेशको साझेदारीमा संचालित नगर गौरव तथा नगरको रणनीतिक महत्वका योजनाहरुलाई कार्यान्वयन गर्नका लागी प्राथमीकतामा राखेकी छु।
- नगरका वहुसंख्यक जनताहरुले लाभ लिनसक्ने योजनाहरुमा लगानी गर्ने नीति यो बजेट मार्फत गरेकी छु।
- नगरपालिकालाई प्राप्त हुने स्रोतको आँकलन गरी बहुवर्षीय योजनाहरुको पुनःविचार गरिनेछ। साथै, भूक्तानी वाँकी हुन गई नगरको खर्च व्यभार सदैंजाने व्यवस्थाको अन्त्य गर्न योजना कार्यान्वयनमा जोड दिईनेछ।

उल्लेखित नीतिगत र संरचनागत सुधारले वजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेकी छु।

**सभाअध्यक्ष ज्यू,**
**नगरसभा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक बर्षको बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१०. कृषिमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागी मलमा ढुवानी अनुदान तर्फ रु ५ लाख विनियोजन गरेकी छु।

११. फलफूल किसानहरुको ब्यवसाय प्रवर्द्धनका लागी मागमा आधारित फलफूल बगैचा सुदृढीकरण कार्यक्रम लागू गरिनेछ, यसका लागी रु १ लाख २० हजार बजेट व्यवस्थापन गरेकी छु।

१२. तरकारी उत्पादन किसानहरुको व्यवसाय प्रवर्द्धन गर्न हिउँदे तथा बर्षे तरकारी विउविजन वितरण कार्यक्रमलाई निरन्तरता दिएकी छु। यो कार्यक्रम संचालनकालागी रु ४ लाख विनियोजन गरेकी छु।

१३. नगरपालिकाभित्र ब्यावसायिक रुपमा संलग्न भएका कृषकहरुलाई लक्षित गरी नगर स्तरमा ब्यवसायिक कृषक सम्मान कार्यक्रम संचालन गर्न रु २ लाख ५० हजार बजेट ब्यवस्थापन गरेकी छु।

१४. ब्यावसायी रुपमा च्याउखेती गर्दै आएका किसानहरुलाई लक्षित गरी प्रविधि सहयोग तर्फ रु ७० हजार वजेटको व्यवस्था गरेकी छु।

१५. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरेकी छु।

१६. आकस्मिक वाली उपचार सेवा प्रदान गर्न रु १ लाख विनियोजन गरेकी छु।

१७. RERAS/LI-BIRD को साझेदारीमा नर्सरी श्रोत स्थापना/सुदृढीकरण कार्यक्रम संचालन गर्न १ लाख ३० हजार र RERAS/LI-BIRD कै साझेदारीमा जलवायु उत्थानशील नमूना गाँउ संचालन कार्यक्रमका लागी रु ८० हजार विनियोजन गरेकी छु।

१८. कृषि प्राविधि कृषकको बारी कार्यक्रम संचालन गर्न रु १ लाख विनियोजन गरेकी छु।

१९. पशुपालन कृषकहरुलाई आवश्यक पशु स्वास्थ्य औषधि तथा सामग्री खरिदको कार्यक्रमलाई निरन्तरता दिएको छु। पशुपंक्षिको नि:शुल्क औषधि उपचार सेवाका लागी औषधि खरिदमा रु ९ लाख विनियोजन गरेकी छु।

२०. ब्यवसायिक स्तरमा वाख्रापालन गर्दै आएका कृषकहरुलाई खोर तथा दाना व्यवस्थापन सम्बन्धी प्राविधिक तालिम संचालन गर्न रु १ लाख विनियोजन गरेकी छु।

२१. कृषि तथा पशुपालन क्षेत्रमा संघ, प्रदेश तथा साझेदार संस्थाहरु साझेदारी कार्यक्रम संचालन गर्न बजेटमा आवश्यक व्यवस्था गरिएको छ।

२२. शैक्षिक गुणस्तर सुधारका लागी नभई नहुने आधारभूत संरचना मापदण्ड अनुसारको विद्यालय भवन निर्माण गर्नका लागी सुदुरपश्चिम प्रदेश सरकारवाट समपुरक साझेदारीमा बजेट स्वीकृत भई आएको धौलपुरी मा वि वडा नं ३ पुर्भुता र मष्टेश्वरी मा वि पन्धाराका लागी आवश्यक साझेदारी वजेट रु ३४ लाख १२ हजार विनियोजन गरेकी छु।

२३. त्रिभुवनेश्वरी मा वि छतारा भवन निर्माण साझेदारीका लागी १० लाख विनियोजन गरेकी छु।

२४. बिद्यार्थिहरुको खेलकुद क्षेत्रमा निकै प्रभावकारी मानिएको राष्ट्रपति/मेयरकप रनिङ्गसिल्ड प्रतियोगीका लागी २० लाख रकम विनियोजन गरेकी छु।

२५. नगरस्तरीय खेलकुद प्रतियोगीता संचालन गर्नका लागि ८ लाख विनियोजन गरेकी छु।

२६. नगरपालिका भित्र संचालन भएका सामुदायिक विद्यालयहरुको संख्याको आधारमा शिक्षक जनशक्ति निकै न्यूनरहेको अवस्थालाई सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु। शिक्षक दरबन्दी कमीका कारण विद्यालयमा पठनपाठन कमजोर भएको निष्कर्ष सहित नगर शिक्षकको अवधारणा ल्याई विगत बर्षहरु देखी दिईदै आएको शिक्षण सहयोग अनुदान, बाल विकास शिक्षक र कर्मचारी व्यवस्थापनका लागी रु रकम १ करोड ९० लाख विनियोजन गरी निरन्तरता दिएकी छु।

२७. पार्वति मा.वि. सिम्लालाई नमूना विद्यालयका रुपमा विकास गर्नका लागी न्यूनतम भौतिक पूर्वाधार र व्यवस्थापनमा विद्यालय तालिम हल निर्माण २५ लाख। विद्यालयको खेल मैदान निर्माण १५ लाख। विद्यालयको भवन रङरोगन तथा फिनिसिङ ५ लाख। फर्निचर व्यवस्थापन १५ लाख। र विद्यालय शैक्षिक सुधार कार्यक्रमहरुका लागी १० लाख बजेट ब्यवस्थापन गरेकी छु।

२८. नगरपालिकाभित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुको विभिन्न अत्यावश्यक शैक्षिक क्रियाकलाप अन्तर्गत प्र.अ. बैठक संचालन ५ लाख, विद्यालयस्तरिय अनुगमन मूल्याँकन २ लाख, शैक्षिक क्यालेण्डर निर्माण १ लाख, र विद्यालयस्तरिय अन्तरक्रिया कार्यक्रम २ लाख विनियोजन गरेकी छु।

२९. वडिमालिका मा.वि. वडा नं ६ पन्धारा विद्यालय व्यवस्थापन ४ लाख। नाटेश्वरी आ वि वडा नं ७ विद्यालय व्यवस्थापन ४ लाख। मष्टेश्वरी आ.वि. वडा नं ३ विद्यालय व्यवस्थापन ३ लाख ५० हजार। रत्न मा वि सेलिफाल विद्यालय व्यवस्थापन ३ लाख ५० हजार विनियोजन गरेकी छु।

३०. सामुदायिक विद्यालयहरुको परिक्षालाई व्यवस्थित, मर्यादित र गुणस्तरिय वनाउनका लागी परीक्षा संचालनमा १० लाख विनियोजन गरेकी छु।

३१. नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयको कानूनी अडीटका लागी ४ लाख विनियोजन गरेकी छु।

३२. नगर भित्रका सवै सामुदायिक विद्यालयहरुमा किशोर किशोरीहरुलाई लक्षित गरी मनोपरामर्श सेवा संचालन गर्न मनोपरामर्शकर्ता र जनचेतनामूलक कार्यक्रमका लागी १ लाख ५० हजार बजेटको व्यवस्थापन गरि निरन्तरता दिईएकी छु।

३३. विपन्न, असहाय, अविभावक विहिन वालवालिकाहरुको शिक्षामा पहुँच सुनिश्चि गर्नका लागी आवासीय शिक्षा संचालन गर्न **"लक्षित बालबालिका संरक्षणका लागी उपप्रमुख कार्यक्रम"** अन्तर्गत सहारा विहिन वालवालिकाहरुको आवास व्यवस्थापनका लागी रु १० लाख बिनियोजन गरेकी छु।

३४. तोली देवलडाँडा अनाथालय भवन निर्माणका लागी साझेदारी १० लाख विनियोजन गरेकी छु।

३५. नगरपालिकाबाट उच्च शिक्षा लगायत प्राविधिक शिक्षा अध्ययन गर्ने जेहेन्दार छात्र छात्राहरुलाई पढाईमा सहुलियत प्रदान गर्नका लागी नगर प्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत ५ लाख विनियोजन गरेकी छु।

३६. नेपाल सरकारवाट निःशुल्क प्राप्त हुदै आएको औषधि उपचार सेवा वाहेक स्वास्थ्य संस्थाहरुमा औषधि अभाव हुन नदिन औषधि खरिदका लागी रु ७ लाख ८० हजार विनियोजन गरेकी छु।

३७. स्वास्थ्य संस्था कार्यालय व्यवस्थापनमा १ लाख ४० हजार। स्वास्थ्य संस्था कर्मचारी बैठक १ लाख ५० हजार। नर्सिङ स्टाफलाई Night भत्ता १ लाख र एक स्वास्थ्य कार्यक्रमका लागी ३० हजार विनियोजन गरेकी छु।

३८. नगरपालिकाको सवै वडाहरुवाट अति विपन्न परिवारहरुलाई लक्षित गरी **"नगरप्रमुख स्वास्थ्य विमा कार्यक्रम"** संचालन गर्न ५ लाख वजेट ब्यवस्था गरेकी छु।

३९. आकस्मिक तथा दीर्घरोग भएका विरामीहरुका लागी औषधि उपचार सहायता गर्न ७ लाख विनियोजन गरेकी छु।

४०. एम्वुलेन्स खरीदका लागि रु २२ लाख विनियोजन गरेकी छु।

४१. टोल तथा वडाको वातावरणलाई सफा र स्वच्छ राख्न नगरपालिकाका सवै टोलमा स्यानिटरी प्याड डिस्पोजल खडल निर्माण गर्न ३ लाख ५० हजार विनियोजन गरेकी छु।

४२. त्रिवेणी नगरपालिकाको एकमात्र वडा किम्नी वडा नं ५ हालसम्म सडक संजालले नजोडीएको अवस्थामा ट्र्याक खोल्ने कामका लागी प्रदेश सरकारको स्वीकृत बजेटमा आवश्यक समन्वय गरी श्रोत परिचालन गर्ने व्यवस्था मिलाएकी छु।

४३. संघिय, प्रदेश तथा स्थानीय सरकारको संयुक्त लगानीमा आ.ब. २०८३/०८४ मा संचालन हुने समपुरक अनुदान तर्फका आयोजना साँफे-मार्तडी प्रादेशीक सडक जोडने बल्दे-पैमा हुदै नगरपालिका केन्द्र जोडने सडक स्तरोन्नती आयोजना निर्माण साझेदारीका लागी रु २२ लाख ४० हजार विनियोजन गरेकी छु।

४४. संघिय समपुरक अनुदान तर्फ धौलपुरी ताल संरक्षणका लागी रु १० लाख विनियोजन गरेकी छु।

४५. नगरपालिका भित्रका वडा तथा वस्तिस्तरसम्म जोडने स्थानीय सडक योजनाहरुको मर्मत तथा विस्तारका लागी आवश्यक बजेटको व्यवस्था गरेकी छु।

४६. सडकमा आएको आकस्मीक बाढी पहिरो पन्छाउने कार्यका लागी सडक मर्मत समूह (RMG) पारिश्रमिक ४ लाख ५० हजार विनियोजन गरेकी छु।

४७. मौरे झोलुङ्गे पुल मर्मतका लागी १ लाख विनियोजन गरेकी छु।

४८. मष्टेश्वरी मा वि ६ पन्धारा विद्यालय वाल निर्माणका लागी स्रोत ब्यवस्थापन गरिएको छ।

४९. नगरपालिकाको सवै बस्ति स्तरवाट छनौट भई सम्बन्धित टोल/वस्तिको वडावाट सिफारिस भएर आएका आयोजना र कार्यक्रमहरुका लागी बजेट विनियोजन गरेकी छु-

वडा नं १

| | | |
|---|---|---|
| १ | डोगडी मूल देखी तोलासम्म सिचाई कूलो निर्माण | ९ लाख |
| २ | छतारादेवी मन्दिर निर्माण | १० लाख |
| ३ | शान्तिनगर आरन उद्योग छाना निर्माण | १ लाख |
| ४ | छतारादेवी आधारभूत विद्यालय जाने सडकको जग्गा खरिद | ७ लाख |
| ५ | नेपाली टोल कालिका मन्दिर निर्माण | ३ लाख |

वडा नं २

| | | |
|---|---|---|
| १ | २ नं वडा कार्यालय अगाडी र पछाडी मेसिनरी वाल निर्माण | १८ लाख |
| २ | पहिरो देखी जुम्लापाटा खानेपानी योजना सिन्नेकोट | ३ लाख |
| ३ | भकभके खानेपानी योजना मर्मत सिन्नेकोट | २ लाख ५०हजार |
| ४ | माथिल्लो भाड्यालायो खानेपानी मर्मत बनघर टोल | १ लाख |
| ५ | टोल स्तरिय भलिवल आयोजना | १ लाख |
| ६ | छुवाछुत तथा विभेद जनजागरण कार्यक्रम | १ लाख |
| ७ | चिन्डेखोला खानेपानी निर्माण | १ लाख |
| ८ | अधारी खोला देखी बास्तोला घाँसेगडा खानेपानी योजना | ३ लाख |
| ९ | छिटानेगडा खानेपानी योजना निर्माण | १ लाख ५०हजार |
| १० | सोल्टाका रुख देखी बेडुघाँटी मन्दिर सम्म रोड निर्माण | १लाख ५०हजार |
| ११ | २ नं वडा कार्यालय विविध खर्च | ३ लाख |
| १२ | २ नं वडा कार्यालय व्यवस्थापन | २ लाख |
| १३ | गेरुगडा भडासैन सिचाई पोखरी | १लाख५०हजार |
| १४ | चौसाल कृयाघर निर्माण (चौसाल) | ३ लाख |
| १५ | मष्टामाण्डौ मन्दिर निर्माण (मैठामाडु) | २लाख५०हजार |
| १६ | दलित बस्तिको चौतारा निर्माण | ३ लाख |
| १७ | त्रिभुवनेश्वरी मा वि व्यवस्थापन | १ लाख |
| १८ | पार्वति मा वि व्यवस्थापन | १ लाख |
| १९ | जनता आ वि व्यवस्थापन | १ लाख |
| २० | छतारा स्वास्थ्य चौकी खानेपानी मर्मत | १ लाख |
| २१ | सिम्ला बुढाटोल सैमाण्डु देवता घर मर्मत | १ लाख |
| २२ | सिम्ला डाँडा टोल पैरा खानेपानी योजना निर्माण | २ लाख |
| २३ | सिन्नेकोट ढल निकास | ३ लाख |
| २४ | कालिका मन्दिरको पछाडि अगाडी वाल निर्माण (गेरुगडा सिम्ला) | ५० हजार |

| | | |
|---|---|---|
| २५ | भराडसैन रोड देखी माटीखान पैंयाका रुख सम्म गोरेटो बाटो निर्माण | १ लाख |
| २६ | तोली देवलडाँडा देखी दाम्मन सम्मको जिरो प्वाइन्ट बाट पलङ वाल निर्माण (त्रिवेणी नगरपालिका वडा नं४) | ५ लाख |

वडा नं ३

| | | |
|---|---|---|
| १ | धौलपुरी मा.वि झ्यालढोका तथा फनिचर व्यवस्थापन | १० लाख |
| २ | मष्टेश्वरी आ.वि को भवन निर्माण | १० लाख |
| ३ | भण्डारीटोल भगवती मन्दिर फिनिसिङ् तथा बाजाघर निर्माण | १० लाख |
| ४ | धमेना भगवती मन्दिर अगाडीपट्टी मेसिनरी वाल निर्माण | ५ लाख |
| ५ | सिल्पेल टोल दुदेमष्टा मन्दिर निर्माण | १ लाख |
| ६ | भण्डारीटोल भेरालमाण्डौ मन्दिर टहरा निर्माण | १ लाख |
| ७ | लालटुडा मंन्दिर निर्माण ठकुरी बाडा | १ लाख |
| ८ | पानलोट खानेपानी मर्मत | ५० हजार |
| ९ | भागेश्वरी आ.बि फनिचर व्यवस्थापन | २ लाख |
| १० | टिमुरेसैन खानेपानी मर्मत | ३ लाख |
| ११ | धौलपुरी मा.वि खानेपानी मर्मत | ५० हजार |
| १२ | टिमुरेसैन देखी वडा कार्यालय सम्म बाटो | ५० हजार |
| १३ | कासागाड लघु जलविद्युत आयोजनाको फोरवे र बाध मर्मत | २ लाख |
| १४ | धमेना ठेकघर ढल निकास | २ लाख |
| १५ | सल्लेरि देखि थला सम्म गोरेटो बाटो | ५० हजार |
| १६ | गेरु गडा गोरेटो बाटो | ५० हजार |
| १७ | दलित टोल खा पा मर्मत | ४ लाख |
| १८ | पुर्भता आधारभुत स्वास्थ्य सेवा केंन्द्रको घेरबार | १ लाख |
| १९ | सल्लेरि सिचाई पोखरी | १ लाख |
| २० | कालाकिम खानेपानी योजना | ३ लाख |
| २१ | एक घर एक धारा मर्मत तथा व्यवस्थापन | २ लाख |

| | | |
|---|---|---|
| २२ | वडा कार्यालय विविध व्यवस्थापन | ४ लाख |
| २३ | बाटनतोला गोरेटो बाटो | ५० हजार |
| २४ | भन्डारि टोल मष्टा मन्दिर निर्माण | ३ लाख |

वडा नं ४

| | | |
|---|---|---|
| १ | तोली मा.बि. रगंरोगन तथा व्यवस्थापन | ८ लाख |
| २ | भेरालमाण्डौ घेरवार अयडीबाडा | ३ लाख |
| ३ | त्रिवेणी आ.बि. शिक्षण सुधार व्यावस्थापक डाँडा | ७ लाख |
| ४ | जनशक्ति आ.बि. भवन फिनिसङ तथा व्यवस्थापन पिपलसैन | ३ लाख |
| ५ | भुसनेमेला बाटो निर्माण गेरेखोला | २ लाख |
| ६ | दलित टोल मन्दिर घेरवार | १लाख ५०हजार |
| ७ | दलित टोल कुवा निर्माण | १लाख ५०हजार |
| ८ | अयडी बाडा जलस्रोत खानेपानी मर्मत | २ लाख |
| ९ | तोलेन खा.पा. निर्माण तोलेना | ३ लाख |
| १० | भगवती मन्दिर बाजा घर र शौचालय निर्माण तोलेना | ३ लाख |
| ११ | जुकेपानी खानेपानी मर्मत | १लाख ५०हजार |
| १२ | गोगन्नेन्डि खानेपानी मर्मत मालिकाटोल | २ लाख |
| १३ | अयडिमान्डौ भेराल बाटो निर्माण ढकेना | १लाख ५०हजार |
| १४ | लाटीलोटा विमेली रिखेचाड डाडा सम्म सडक निर्माण विमेली | ९ लाख |
| १५ | मष्टामाण्डौ शौचालय निर्माण डाँडा | १लाख ५०हजार |
| १६ | रजवारी चौतारा निर्माण कोटबाडा | १लाख ५०हजार |
| १७ | भैसाटा खानेपानी मर्मत फर्सेतोला | १लाख ५०हजार |
| १८ | ग्राग्रा आरन अधुरो भवन निर्माण | ४ लाख |
| १९ | ढोगदिना ढुङ्गे धारा मुग्रा संरक्षण अयडीवाडा | १लाख ५०हजार |
| २० | शिव मन्दिर अधुरो काम पुननिर्माण ग्राग्रा | २लाख ५०हजार |
| २१ | बौजुपोल्ने पिपल चौतारा निर्माण डिलगडा | १ लाख |
| २२ | सैमाण्डौ ट्रष्ट निर्माण सैमान्डौ | २लाख ५०हजार |

| | | |
|---|---|---|
| २३ | ठेकघर डिलगडा RCC बाटो निर्माण पिपलसैन | २ लाख |
| २४ | तोरेओडार चिमचोटा पैदलमार्ग निर्माण | १ लाख |

वडा नं ५

| | | |
|---|---|---|
| १ | वडा कार्यालय भवन छत ढलान फिनिसिङ | १० लाख |
| २ | रामेश्वरी गेट देखी छेडेना सम्म पैदलमार्ग निर्माण | ४ लाख |
| ३ | शैमाण्डौ खानेपानी निर्माण | ३ लाख |
| ४ | रामेश्वरी खानेपानी मर्मत | १ लाख |
| ५ | कैलाशमाण्डौ डाँडा देखी सेरा सम्म सडक मर्मत | ७ लाख |
| ६ | धाईमारे खानेपानी मर्मत सुधार | ३ लाख |
| ७ | जनज्योति आ.वि. व्यवस्थापन | २ लाख |

वडा नं ६

| | | |
|---|---|---|
| १ | गायत्री आ.बि घेरबार निर्माण | २ लाख |
| २ | खानेपानी मर्मत दुर्गाभवानी | १ लाख |
| ३ | भगवती मन्दिर निर्माण बाडगाँउ | १ लाख |
| ४ | सिमखोला देखी नेपाली टोलसम्म खानेपानी मर्मत | २ लाख |
| ५ | फल्नेतोला बस्ती ढल निकास | ४ लाख |
| ६ | नयाँ बस्ती खानेपानी निर्माण | ३ लाख |
| ७ | वडा स्तरिय भलिबल प्रतियोगिता | १ लाख |
| ८ | पुष्प कमल आ.वि. व्यवस्थापन | १ लाख |
| ९ | छिडिखोला देखी सानमडी सिचाई निर्माण | १ लाख |
| १० | पान्धारा खानेपानी मर्मत | ३ लाख |
| ११ | धुपैनी खानेपानी मर्मत | १ लाख |
| १२ | पुष्पलाल आ.वि व्यवस्थापन | ५० हजार |
| १३ | वडा कार्यालय विविध | २ लाख |
| १४ | पन्धारा आधारभुत स्वास्थ्य झ्यालढोका निर्माण | ५० हजार |
| १५ | पिपलतोला चौतारा निर्माण | १ लाख |

| | | |
|---|---|---|
| १६ | सेलगाउँ देखी लोडी भाना सम्मको ठाडो बाटो | १ लाख |
| १७ | झागटेरा मेला माथी खानेपानी निर्माण | २ लाख |
| १८ | लालटुना मन्दिर निर्माण गैरा | १ लाख |
| १९ | ह्याढुङ्ग्रा र मष्टा मन्दिर डिपिआर | ५ लाख |
| २० | देउपडा निर्माण भाटबाडा | १ लाख |
| २१ | गलडाँडा मन्दिर निर्माण | १ लाख |

वडा नं ७

| | | |
|---|---|---|
| १ | कैलाश देउताको भण्डार घर वाल निर्माण कोसेडी | ३ लाख |
| २ | क्रिया घर निर्माण कोसेडी | ३ लाख |
| ३ | कैलाशमाण्डौ डांडा भेराल मन्दिर निर्माण | ३ लाख |
| ४ | नाटेस्वरी मन्दिर यज्ञशाला निर्माण | ५लाख |
| ५ | भगवती मन्दिर निर्माण मालाकोट दलितटोल | ३ लाख |
| ६ | खोलाघर खानेपानी निर्माण | २ लाख |
| ७ | कालिका मन्दिर निर्माण मुक्रिटोल | ३ लाख |
| ८ | भुवाठोस्ना देखी ठकुरीबाडा सम्म बाटो निर्माण | २ लाख |
| ९ | ओखडेखोला देखी सुगरथले सम्म बाटो निर्माण | २ लाख |
| १० | पनेडी देखि कालिकाश्वरी विधालय सम्म बाटो निर्माण | २ लाख |
| ११ | चदारबाडा सडक निर्माण | ५ लाख |
| १२ | कैलाशेश्वरी मा.बि. व्यवस्थापन | ५ लाख |
| १३ | कैलाश देउताको मन्दिर परिसरमा डि.पि.आर | १० लाख |
| १४ | नाटेस्वरी आधारभुत विधालय व्यवस्थापन | २ लाख |
| १५ | कैलाशमाण्डौ स्वास्थ्य चौकी व्यवस्थापन | २ लाख |
| १६ | रेडियो बडिमालिका व्यवस्थापन | २ लाख |
| १७ | वडा कार्यालय व्यवस्थापन | २ लाख |
| १८ | कालाशीला मन्दिर घेरबार निर्माण | २लाख |
| १९ | संजिव प्रतिष्ठान व्यवस्थापन | १लाख ५०हजार |
| २० | दगडा मुक्रिटोल मुलसुधार | १ लाख |

| | | |
|---|---|---|
| २१ | नित्यस्वरी आधारभुत विधालय व्यवस्थापन | १ लाख |
| २२ | कालिकेस्वरी विधालय व्यवस्थापन | ५० हजार |
| २३ | भेरालमाण्डौ पनाकाट्या छानो निर्माण | १ लाख |
| २४ | मिलनचौक ढल निकास | ५० हजार |
| २५ | खिरपाटा सिचाँई कुलो मर्मत | १लाख ५०हजार |

वडा नं ८

| | | |
|---|---|---|
| १ | वडा कार्यालय विविध खर्च | ४ लाख |
| २ | ढडालि आधारभुत स्वास्थ्य केन्द्र फनिर्चर व्यवस्थापन | १लाख ५० हजार |
| ३ | नरसिंह मा वि शैक्षिक सुधार तथा व्यवस्थापन | ७ लाख |
| ४ | पन्ताली सार्वजनिक चौतारा निर्माण | ४ लाख ५०हजार |
| ५ | ढडाली सार्वजनिक चौतारा निर्माण | ४ लाख ५०हजार |
| ६ | मौरे देखि बमटोल हुदै गिरीबाडा गोरेटो बाटो निर्माण | २ लाख |
| ७ | कोलघर सिडिसहितको पदमार्ग | २ लाख |
| ८ | झालगाउ सडक देखि रामतोला सम्मको गोरेटो बाटो निर्माण | २ लाख |
| ९ | नवदुर्गा भवानी आवि शैक्षिक सामग्री व्यवस्थापन | २ लाख |
| १० | नेपालटोल देखि स्यालपानि सम्म गोरेटो बाटो निर्माण | २ लाख |
| ११ | कालापानि गाँउको धारादेखि रजबार घर सम्म पदमार्ग | २लाख ५० हजार |
| १२ | मौरे विद्युत पावरहाउस घेरबार | ३ लाख |
| १३ | सडक बाट जाल्पा देवी मन्दिर सम्म मोटर साईकल जानेबाटो तल्लो पनताली | १ लाख |
| १४ | दुना टपरि मसिन टहरा निर्माण | १लाख ५० हजार |
| १५ | मौरे देखि राताढुङगा पहिरो कटान डिपिआर | ८ लाख |
| १६ | पाल्तघर गोरेटो बाटो | १लाख ५० हजार |
| १७ | ठानादेखी गिरी खेल्नेसम्मको बाटो निर्माण | १ लाख |
| १८ | झलगाउँ सडक देखि ओखरका रुखसम्म सिडिसहितको बाटो | २ लाख |

| | | |
|---|---|---|
| १९ | कालापानि दलित टोल मन्दिर निर्माण | ३ लाख |
| २० | भानासिला खानेपानि मर्मत | १ लाख५० हजार |
| २१ | वडा कार्यालय र स्वास्थ्य केन्द्र गेट सहित घेरबार निर्माण | ७ लाख |
| २२ | वडा कार्यालय सिडिको छत निर्माण | १लाख ५०हजार |

वडा नं ९

| | | |
|---|---|---|
| १ | पनेरा घर देखी शिल्का रुख - नाउलासम्म सिडी बाटो निर्माण | ३ लाख |
| २ | कैलाश देवताको मन्दिर वाल निर्माण नुवाकोट | ५० हजार |
| ३ | कुल्तेमाण्डौ मष्टामाणडौ संरक्षण | १ लाख |
| ४ | उखेडाबाडामाडु संरक्षण | ५० हजार |
| ५ | गिठेबाडा घटालमाण्डौ चौतारा निर्माण | ५० हजार |
| ६ | वेतालमाण्डौ मन्दिर घेरवार निर्माण | २ लाख |
| ७ | मिजार टोल धलपुरा माडु मर्मत | १ लाख ५०हजार |
| ८ | मष्टामाण्डौ धर्मशाला निर्माण खडालील | ३ लाख |
| ९ | वडा कार्यालय खानेपानी | १ लाख |
| १० | वडा कार्यालय फर्निचर व्यवस्थापन | ५ लाख |
| ११ | ताम्सु बान्दे खेलमैदान निर्माण | २ लाख |
| १२ | भेराल मन्दिर संरक्षण गोडतला | २ लाख |
| १३ | पैमा मिजार टोल सिमलरुख देखी बेठरी सम्म सिडी बाटो निर्माण | ३ लाख |
| १४ | बडिमालीका टोल पुरानो धारा मर्मत | १ लाख ५० हजार |
| १५ | मुखिया बाडा कुवा निर्माण | १लाख ५० हजार |
| १६ | नाउला देखी भाडगाँउ सम्म ढलान गोरेटो बाटो | १ लाख ५०हजार |

| | | |
|---|---|---|
| १७ | रत्न मा वि ४ कोठे भवनको छत मर्मत | १ लाख ५०हजार |
| १८ | माहालक्ष्मी आ वि भवन मर्मत तथा विविध व्यवस्थापन | २ लाख |
| १९ | पार्वति मा.वि. खाजा घर तथा फर्निचर व्यवस्थापन | २लाख ५०हजार |
| २० | नुवाँकोट आ.वि. खेलमैदान निर्माण | २ लाख |
| २१ | मुडुली वगैचा घेरवार तथा टहरा निर्माण | ११ लाख |
| २२ | ताम्सु क्रियाघर निर्माण | ३ लाख ५०हजार |
| २३ | देउवाबाडा देखि सडक र विद्यालय जोड्ने बाटो निर्माण | १ लाख ५०हजार |
| २४ | बागापाटा साउँद टोल कृयाघर निर्माण | ३ लाख ५०हजार |
| २५ | फेरेगडा घियापानी सिचाँई पोखरी | २ लाख |
| २६ | निगाडा खोलादेखि बोर्डिङ्ग हुदै सडक सम्म बाटो निर्माण | ३ लाख ५०हजार |
| २७ | वडा कार्यालय विभिन्न लक्षित कार्यक्रम | १ लाख ५०हजार |
| २८ | खिन्नै सत्यदेवी आधारभूत विद्यालय व्यवस्थापन खर्च | २ लाख |

**५०.** बल्दे, मौरे र मालागाड खोलाको सडक बाटो निकासका लागी रु १५ लाख विनियोजन गरेकी छु।

**५१.** मौरे प्रहरी चौकी र गोलघर कस्टडी निर्माण २ लाख। वडीमालिका प्रहरी चौकी गोलघर व्यवस्थापनका लागी १ लाख ५० हजार। बार्जुगाड चौकीको टिनको टहरा निर्माणका लागी ५० हजार बजेट व्यवस्थापन गरेकी छु।

**५२.** नगरपालिका भित्रको सडक यातायात तथा पैदल यात्रा गर्ने यात्रुहरुलाई विश्रामका लागी सहजता ल्याउन प्रत्येक वडाको सार्वजनिक क्षेत्र सडक किनारामा यात्रु प्रतिक्षालयका लागी बजेट विनियोजन गरेकी छु।

| | | | |
|---|---|---|---|
| १ | खम्म नेपाली स्मृति प्रतिक्षालय | वडा नं १ छतारा | २ लाख |
| २ | महारुद्र जैशी स्मृति प्रतिक्षालय | वडा नं २ छतारा | २ लाख |
| ३ | राम वहादु सुनार स्मृति प्रतिक्षालय | वडा नं ३ पुर्भुता | २ लाख |
| ४ | लालवहादुर स्मृति प्रतिक्षालय | वडा नं ४ तोली | २ लाख |
| ५ | जमानसिंह वुढा स्मृति प्रतिक्षालय | वडा नं ५ | २ लाख |
| ६ | मन वहादुर वुढा स्मृति प्रतिक्षालय | वडा नं ६ पन्धारा | २ लाख |
| ७ | लालसिह, संजीव र खडक अयडी स्मृति प्रतिक्षालय | वडा नं ७ कैलाशमाडौं डाँडा | २ लाख |
| ८ | नरसिंह गिरी स्मृति प्रतिक्षालय | वडा नं ८ जिरोप्वाईन्ट | २ लाख |
| ९ | डबल कटुवाल स्मृति प्रतिक्षालय | वडा नं ९ मलालगाँउ | २ लाख |
| १० | बैरागी थापा शालिक रङरोगन | वडा नं ८ | ५०हजार |
| ११ | महादेव जैशी शालिक रङरोगन | वडा नं २ छतारा | ५० हजार |

**५३.** नगरपालिकामा हाल सम्पन्न भई सेवा संचालन भईरहेका र गर्न तयारी अवस्थामा रहेका नगरपालिका प्रशासकीय भवन, वडा नं १,२,८ र ९ का वडा कार्यालयहरु र सिम्ला सहरी स्वास्थ्य भवन उदघाटन तथा व्यवस्थापनका लागी ७ लाख विनियोजन गरेकी छु।

**५४.** नगरपालिकाकाम समपन्न भई भूक्तानी बाँकी आयोजनाहरुका लागी ३५ लाख बजेटमा ब्यवस्था गरिएको छ।

**५५.** त्रिवेणी नगरपालिका देखी छिडीखोलासम्म को सडक भित्रको ब्यक्तिगत जग्गाको कारणले यातायात सूचारु गर्न पटक पटक समस्या सृजना हुदै आएकोले उक्त क्षेत्रमा पर्ने जग्गा खरिदका लागी १० लाख विनियोजन गरेकी छु।

**५६.** आ.ब. २०८१/०८२ मा निर्माण कार्य थालनी भएको वडा नं ६ को वडा कार्यालय भवनका लागी रु २० लाख विनियोजन गरेकी छु।

**५७.** नगरभित्रका दिर्घकालीन महत्वराख्ने स्थानीय पूर्वाधारका आयोजनाहरुको दिगो व्यवस्थापन गर्न मर्मत संभार योजना सहित बजेटको व्यवस्था गरिएको छ।

**सम्मानीत सभाका सभाध्यक्ष,**

**सभा सदस्यज्यूहरु,**

**५८.** नगरपालिका भित्र संचालन गरिने उद्यम विकास, रोजगारी तथा आयआर्जन क्षेत्रमा संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गरी संघिय सशर्त अनुदानवाट संचालन हुदै आएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा साझेदारी गर्नका लागी ३ लाख विनियोजन गरेकी छु।

**५९.** आन्तरिक रोजगारी प्रवर्द्धनका लागी बैदेशीक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा ५ लाख विनियोजन गरेकी छु।

**६०.** स्थानीय उद्योग प्रवर्द्धन गर्न प्रविधि तर्फ १० लाख बजेटको व्यवस्था गरेकी छु।

**६१.** राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत संघीय सरकारवाट सशर्त अनुदानमा सत प्रतिशत साझेदारी रकमका लागी ५ लाख विनियोजन गरेकी छु।

**६२.** रोजगारी तथा वेरोजगार तथ्यांक संकलन र व्यवस्थापनका लागी २ लाख विनियोजन गरेकी छु।

**६३.** टोल वस्तिवाट छनौट भई आएका साना सिचाई आयोजनाहरुको निर्माण तथा मर्मत सुधार गर्न बजेटमा व्यवस्था गरिएको छ।

**६४.** नगरभित्रको पछाडी पारिएको वर्ग, समुदायलाई राज्यको मूलप्रवाहिकरणमा ल्याउने लक्ष्य सहित समानुपातिक समावेशी विकासको अवधारणालाई केन्द्रमा राखेर विशेष कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु।

**६५.** विगत, गत र चालू आ.ब. मा संचालन हुदै आईरहेका दिवस तथा कार्यक्रमलाई निरन्तरता दिदै बाल दिवस कार्यक्रमका, अन्तराष्ट्रिय बाल दिवस, नगर स्तरिय वाल संजाल कार्यक्रम संचालन, तीज विशेष कार्यक्रम, अपांगता प्रमाणीकरण, बालकोष लगायतका विभिन्न कार्यक्रमहरुका लागी ७ लाख विनियोजन गरेकी छु।

**६६.** नगरस्तरीय दलित नेटवर्क मार्फत संचालन हुनेगरी दलित छात्रछात्रालाई शैक्षिक सामग्री वितरण २ लाख। आरन र काठ उद्योग औजार वितरण ३ लाख १५ हजार। छुवाछुत जनचेतनामूलक कार्यक्रम १ लाख। टोल स्तरिय सरसफाई कार्यक्रम १ लाख। वडा नं ३ मा पञ्चेवाजा खरिद ८५ हजार विनियोजन गरेकी छु।

६७. नगरस्तरीय दलित नेटवर्कको व्यवस्थापन तथा दलित नेटबर्क संस्थागत क्षमता विकास कार्यक्रम संचालन गर्न ८ लाख विनियोजन गरेकी छु।

६८. विपद सम्बन्धि LEOC स्थापनाका लागी आवश्यक सामग्री तथा विपद् राहत सामग्री खरिद २ लाख ५० हजार। त्रिवेणी नगरपालिकाको DPRP अध्यावधिक गर्न १ लाख ५० हजार र बिषद् व्यवस्थापन कोष का लागी १० लाख बजेट ब्यवस्था गरेकी छु।

**सभाध्यक्ष ज्यू,**

**नगरसभा सदस्यज्यू**

६९. सेवा प्रदायकको सूचना प्रविधिमा पहुँच बृद्धि गर्न सूचना व्यवस्थापन, कर्मचारी जनशक्ति परिचालन तथा क्षमता विकास कार्यक्रमका लागी ३ लाख विनियोजन गरेकी छु।

७०. नगरपालिकावाट संचालन गरिने हरेक सेवाहरु सेवाग्राही प्रति सेवा प्रदायक संस्था तथा कर्मचारीहरुलाई जिम्मेवार, उत्तरदायी तथा क्षमतावान वनाई गुणस्तरीय एवं छिटो छरितो सेवा प्रवाह गर्न साथै स्थानीय स्तरमा राजश्व संकलन लाई प्रभावकारी रुपमा लागू गर्नका लागी स्थानीय करदाता जनचेतना कार्यक्रम, राजश्व अभिलेख डिजिटलिकरण र एकीकृत प्रणाली विकास, घरधुरी, सम्पत्ति, ब्यवसाय दर्ता अभियान, राजश्व स्रोत पहिचानका कामहरुलाई प्रभावकारी वनाउन स्थानीय राजश्व संकलन सम्बन्धी पालिका र वडाकार्यालयमा प्रशिक्षण कार्यक्रम संचालन गरिने छ। यसका लागी २ लाख बिनियोजन गरेकी छु।

७१. सामाजिक सुरक्षा अन्तर्गतका कामलाई प्रभावकारी वनाउन पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धि जनचेतना कार्यक्रम, वडा सचिव र पञ्जिकरण कर्मचारी क्षमता विकास अभिमुखिकरण पुनःताजकीय तालिम, घटना दर्ता शिविर संचालन, सामाजिक सुरक्षा भत्ता वितरणमा नगरपालिका र बैक संग सहजिकरण र सामाजिक सुरक्षा भत्ता नविकरण र व्यवस्थापन कार्यक्रमहरु संचालन गरिनेछन। उक्त कार्यक्रम संचालन गर्न रु ३ लाख बजेट ब्यवस्थापन गरेकी छु।

७२. पालिकाको न्यायीक क्षेत्रमा हुने काम कर्तव्य र अधिकारमा क्षमता अभिवृद्धि साथै न्याय निरुपणका लागी संस्थागत सुदृढीकरणका लागी न्यायीक समिति सदस्य

अभिमुखिकरण तालिम, मेलमिलाप सहजकर्ता तालिम, स्थानीय न्याय प्रशासन कार्यशाला, कानूनी साक्षरता अभियान कार्यक्रम, महिला कानूनी अधिकार जनचेतना कार्यक्रम, पालिका र वडास्तरमा सामुदायिक मेलमिलापकेन्द्र व्यवस्थापन तथा संचालन र जिल्ला अदालतसँग समन्वय बैठक कार्यक्रमहरु संचालन गरिनेछन। यसका लागी १० लाख विनियोजन गरेकी छु।

**७३.** भूमी शाखा व्यवस्थापन तथा ईक्यूपमेन्ट र कर्मचारीलाई GIS प्राविधिक तालिमका लागी १ लाख वजेट ब्यवस्थापन गरेकी छु।

**७४.** त्रिवेणी नगरपालिकाको भू उपयोग रणनीति योजना निर्माण गर्नका लागी १५ लाख विनियोजन गरेकी छु।

**७५.** वडीमालिका – नाट्येश्वरी, छतारा देवी – पञ्चपुरी – बडीमालिका र नगरपालिका भित्रका महत्वपूर्ण पर्यटकीय पूर्वाधार निर्माण गर्न संघ तथा प्रदेश सरकारको सहयोगमा आवश्यक समन्वय गरी आयोजना संचालन गर्न साझेदारी बजेटको ब्यवस्थापन गरेकी छु।

**७६.** वडीमालिका – पञ्चपुरी – त्रिवेणी को डकुमेन्ट्रीका लागी १० लाख विनियोजन गरेकी छु।

**७७.** नाटेश्वरी मेला व्यवस्थापनका लागी रु २ लाख ५० हजार विनियोजन गरेकी छु।

**७८.** मौलिक साँस्कृति जगेर्ना गर्नका लागी त्रिवेणी नगरपालिकाको भिडीयो सहितको गित निर्माण गर्न २ लाख विनियोजन गरेकी छु।

**७९.** महिला विकास मञ्च वाजुराको **"सवल विकास –सवल समुदाय"** कार्यक्रम अन्तर्गत ५७ लाख ९० हजार ९८ पैसा विनियोजन गरिएको छ।

**८०.** सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएका व्यक्तित्वहरु सम्मान कार्यक्रमका लागी २ लाख बजेटको व्यवस्था गरेकी छु।

**८१.** त्यसैगरी यस नगरपालिकामा RERAS कार्यक्रम अन्तर्गतको साझेदार बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र, केन्द्रिय नवीकरणीय उर्जा कोष, ग्रामीण जिवीकोपार्जनका लागी नवीकरणीय उर्जा अनुमानित रु ९५ लाख ९ हजार ५ सय ९ रुपैयाँ प्रस्ताव गरिएको छ।

**८२.** जैवीक विविधता, अनुसन्धान तथा विकासका लागी स्थानीय पहल (लि-बर्ड) द्धारा संचालित "पश्चिमी नेपालको पहाडी र हिमाली क्षेत्रमा समावेशी पोषण सुशासनका लागि सशक्त समुदाय र नागरिक समाज निर्माण परियोजना" अन्तर्गत विभिन्न कार्यक्रमहरुका लागी ५ लाख ४३ हजार ६ सय ६४ प्रस्ताव गरिएको छ।

**८३.** यस नगरपालिकामा पिसवीन वाजुरा आभा परियोजना ( किशोरीहरुको अधिकार उत्थानशीलताका लागी) - प्लान इन्टरनेश्नलको साझेदारिमा संचालित शिक्षा, जीविकोपार्जन तथा उद्यम विकास, यौन तथा प्रजनन स्वास्थ्य, युवा सशक्तिकरण क्षेत्रको कूल वजेट ६० लाख ४९ हजार ९ सय ४८ रुपैयाँ प्रस्ताव गरिएको छ।

**८४.** नगरपालिका भित्र कार्यक्रम लागू गर्ने संघ संस्था तथा विकास साझेदार निकायहरुको कार्यक्रम साझेदारीका लागी २० लाख विनियोजन गरेकी छु।

**८५.** चालू खर्च तर्फ कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ (कर्मचारी तलव, पदाधिकारी सेवा सुविधा, बैठक, भ्रमण खर्च, जनशक्ति व्यवस्थापनमा ८ करोड २५ लाख ५० हजार विनियोजन गरेकी छु।

**८६.** नगरपालिकाको कार्यालय, वडाकार्यालय र स्वास्थ्य चौकी समेत कार्यालय संचालन, फर्निचर फिक्चर्स, कम्प्यूटर तथा मेशिन औजार, लगायत विविध विविध खर्च समेत गरी) २ करोड ६३ लाख ५६ बिनियोजन गरेकी छु।

**नगरसभाका अध्यक्षज्यू,**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**अव म आगामी आ.ब. २०८३/०८४ का लागी आय र ब्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- यस नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ का लागी कूल आय ५४ करोड ९५ लाख ७२ हजार हुने अनुमान गरिएको छ भने कूल आय मध्ये
- **चालू तर्फ** ३५ करोड १८ लाख ४४ हजार रहेको छ भने
- **पूँजीगत तर्फ** १९ करोड ७७ लाख २८ हजार रहेको छ।

**कूल आय तथा व्ययको क्षेत्रगत विवरण निम्नानुसार रहेको छः**

**आयतर्फः**

| | | |
|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | १० करोड ६३ लाख |
| २ | संघ राजश्व बाँडफाँट | ९ करोड ८० लाख ९७ हजार |
| ३ | संघ सशर्त अनुदान पुजिगत आन्तरिक ऋण | २३ लाख |
| ४ | संघ सशर्त अनुदान चालु | १८ करोड २९ लाख |
| ५ | संघ सशर्त अनुदान चालु बैदेशीक SESP शोध भर्ना हुने अनुदान | ६९ लाख |
| ६ | संघ सशर्त अनुदान चालु बैदेशीक SESP शोध भर्ना हुने ऋण | १ करोड ३९ लाख |
| ७ | संघ सशर्त अनुदान चालु EU बैदेशीक अनुदान | ३१ लाख |
| ८ | संघ विशेष अनुदान पुजि | ७१ लाख |
| ९ | सशर्त अनुदान पूजीगत SESP सोध भर्ना हुने अनुदान | ३ लाख |
| १० | सशर्त अनुदान पूजीगत SESP सोध भर्ना हुने ऋण | ७ लाख |
| ११ | संघ समपुरक अनुदान पूजिगत | १ करोड ६२ लाख |
| १२ | प्रदेश समानीकरण अनुदान | १ करोड १ लाख १५ हजार |
| १३ | प्रदेश राजस्व बाँडफाँड | ४७ लाख ५९ हजार |
| १५ | प्रदेश सशर्त अनुदान पुँजि | ३ करोड २८ लाख |
| १७ | प्रदेश विशेष अनुदान पुजी | ५१ लाख |
| १८ | प्रदेश समपुरक अनुदान पूजीगत | १ करोड ६८ लाख १३ हजार |
| १९ | साझेदार निकाय (संघ संस्था) कार्यक्रमगत चालू वजेट | २ करोड १९ लाख १ हजार |
| २० | स्थानीय राजस्व संकलन | ६० लाख ५० हजार |
| २१ | अनुमानित अल्या रकम | १ करोड ४२ लाख ३७ |

| |
|---|
| <u>ब्यय तर्फः</u> |
| **चालू खर्च तर्फः ३५ करोड १८ लाख ४४ हजार** |
| **पूजीगत तर्फः १९ करोड ७७ लाख २८ हजार** |

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

माथि उल्लेखीत अनुमानीत आय र ब्ययको बजेट रकम वरावर हुने गरी विनियोजन गरेको छु। आगामी आर्थिक बर्ष (२०८३/०८४) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार श्रोतलाई अधिकतम परिचालन हुने गरी वजेट तर्जुमा भएको ब्यहोरा सम्मानीत नगरसभालाई जानकारी गराएको छु।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

अव म सम्मानीत नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको त्रिवेणी नगरपालिकाको आगामी आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण सम्मानीत नगरसभामा छलफल भई पारित हुनका लागी प्रस्ताव गर्दछु। साथै यस नगरपालिकाको लागी कार्यान्वयन हुन पेश भएका उल्लेखीत दुवै विधेयकहरु (आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३) छलफल गरी पारित गरी आगामी बर्षका लागी ऐनको रुपमा कार्यान्वयन गर्न दुवै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

उल्लेखीत बजेट तथा कार्यक्रममा सामान्य भाषिक तथा अंकगणीतिय त्रुटीहरु हुनसक्छन। यसको लागी सम्मानीत नगरसभा समक्ष मानवीय कमजोरीका रुपमा स्विकार्दै यदि त्यसो हुन गएमा सच्याउनका लागी नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमती मागेको छु। साथै आगामी आ.ब. २०८३/०८४ योजना तथा वजेट स्वीकृतिको लागी सम्मानीत सभा समक्ष पेश गरेको छु।

**नगरसभा अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

अत्यन्त सिमित बित्तिय स्रोत परिचालन गरी हाम्रा असिमित विकासका आकांक्षाहरु पुरा गर्ने बिषय बास्तव मै चुनौतिपूर्ण बिषय भएको कुरा सम्मानीत सभासमक्ष पुनःदोहो-याउन चाहन्छु। समस्याका बीचवाट सम्भावनाहरुको खोजी गर्नु पनि हाम्रो दायित्व भएकोले क्रमिक रुपमा प्राथमीकतामा राखी प्रस्तुत योजनाहरु कार्यान्वयन हुदै जाने कुरामा नगरपालिका विश्वस्त रहेको छ।

अन्त्यमा,यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने नगरसभा अध्यक्ष एवं नगर प्रमुखज्यू, नगरसभाका सदस्यज्यू, बजेट तर्जुमा समितिका सदस्यज्यू, विषयगत समितिका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, पत्रकार, बुद्धिजिवीहरू, नगरसभा सचिव एवं प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको टिम प्रति विशेष धन्यवाद दिन चाहन्छु। "***"स्वस्थ नागरिक, गुणस्तरीय शिक्षा, सवल पूर्वाधार, समावेशी विकास र रोजगारी सृजना – समृद्ध र आत्मनिर्भर नगर निर्माण हाम्रो लक्ष्य"***
"भन्ने यस नगरपालिकाको नारालाई सार्थक बनाउन सवै नगरपबासीको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

**बडिमालिका माताले हामी सवैको रक्षा गरुन! धन्यवाद!!**

**कमला कुमारी जैशी (न्यौपाने)**
**नगरसभा उपाध्यक्ष**